# बार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७६/७७



नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# भन्सार जाँचपास परीक्षण कार्यालय

## त्रिपुरेश्वर, काठमाण्डौं

# बार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७६/७७

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# भन्सार जाँचपास परीक्षण कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

# हाम्रो भनाई

साविकमा सीमा व्यवस्थापन र राजस्व सँकलनका लागि स्थापना भएका भन्सार विन्दुहरुवाट मात्र निकासी, पैठारी एवँ मालवस्तुको नियन्त्रण हुने गरेकोमा व्यापार सहजीकरण तथा आधुनिकीकरणको नबिन अवधारणासँगै भन्सार जाँचपास पछिको परीक्षण (PCA) को प्रार्दुभाव भएको हो । यसैलाई कार्यान्वयन गर्ने सिलसिलामा नेपालमा पनि वि.स. २०६६ साल आश्विन ५ गते स्थापना भएको यस भन्सार जाँचपास परीक्षण कार्यालय यहीँ आश्विन ५ गते आफनो १२ औं स्थापना दिबस मनाउने क्रममा रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा यस कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति देखिने गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । भन्सार विभाग मातहत रहेको यस भन्सार जाँचपास परीक्षण कार्यालय कामको हिसाबले अरु भन्सार कार्यालय भन्दा भिन्न रहेको छ । अरु भन्सार कार्यालयका आफ्ना प्रमुख उद्देश्य भन्सार विन्दुमा राजस्व सँकलन गर्ने नै प्रमुख लक्ष्य रहेता पनि PCA को कार्य परीक्षणको माध्यमवाट भन्सार सम्वन्धी कानूनको परीपालना भएको छ / छैन ? छैन भने परीपालना गराउने समेत जिम्मेवारी रहेको छ ।

कार्यालयलाई प्राप्त लक्ष्य प्राप्तीमा निरन्तर खटिई प्रगति हासिल गराउन सहयोग पुर्‍याउने प्रमुख भन्सार परीक्षक, भन्सार परीक्षक, लेखा, कानून, सुचना प्रविधि र प्रशासन लगायत सवै शाखाका कर्मचारीहरु र समय समयमा नीतिगत मार्गदर्शन प्रदान गर्नुहुने माननीय अर्थमन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरु, भन्सार विभागका महानिर्देशकज्यू, उपमहानिर्देशकज्यूहरु, निर्देशकज्यूहरु तथा विभागका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै भन्सार जाँचपास पछिको परीक्षण कार्यमा सहयोगी वातावरण तयार गरिदिने सबै भन्सार कार्यालयहरु, उद्योग वाणिज्य क्षेत्रका सँघ सँस्थाहरु, भन्सार एजेन्टहरु एवँ अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु ।

आश्विन २०७७

**विष्णुराज ढकाल**

**प्रमुख भन्सार परीक्षण प्रशासक**

सह-सचिव

# विषय सूची


| क्र.सं. | विषय | पाना |
|---|---|---|
| १ | पृष्ठभूमी | १ |
| २ | नेपालमा भन्सार जाँचपास पछिको परीक्षणको विकास | २ |
| ३ | जांचपास पछिको परीक्षणको उद्देश्य | ३ |
| ४ | जांचपास पछिको परीक्षणको आवश्यकता एवं महत्व | ५ |
| ५ | जांचपास पछिको परीक्षणको फाइदाहरु | ५ |
| ६ | जांचपास पछिको परीक्षणका प्रकारहरु | ६ |
| ७ | भन्सार जाँचपास परीक्षण सम्बन्धी आर्थिक ऐन २०७७ ले गरेको ब्यबस्था | ७ |
| ८ | भन्सार जाँचपास परीक्षण कार्यालयको सांगठनिक ढाँचा | ११ |
| ९ | भन्सार जाँचपास परीक्षण कार्यालयको स्वीकृत दरबन्दी विवरण | १२ |
| १० | भन्सार जाँचपास परीक्षण कार्यालयको मूलभूत कार्यहरु | १३ |
| ११ | मुद्धाको विवरण | १८ |
| १२ | आ.व.२०७६/०७७ मा भएका मूलभूत कार्यहरु | १९ |
| १३ | कार्यालयले महशुस गरेका अन्य महत्वपूर्ण विषयहरु | १९ |
| १४ | आ.व. २०७६/०७७ को बार्षिक कार्ययोजना विवरण | २१ |
| १५ | आ.व. २०७७/०७८ को बार्षिक कार्ययोजना विवरण | २७ |
| १६ | चुनौती तथा समस्याहरु (Challenges of PCA) | ३० |
| १७ | आ.व. २०७७/०७८ को लक्ष्य प्राप्ति कार्ययोजना तथा रणनीतिहरु | ३१ |
| १८ | निष्कर्ष | ३२ |
| १९ | स्थलगत अन्तरक्रिया कार्यक्रमको छायाँ चित्र | ३४ |
| २० | भन्सार जाँचपास पछिको परीक्षण कार्यबिधि, २०७५ | ३५ |

## तालिका


| क्र.सं. | विषय | पाना |
|---|---|---|
| १ | भन्सार जाँचपास परीक्षण कार्यालयको आ.व. २०७६/०७७ को महशुल निर्धारण तथा कार्यगत प्रगति विवरण | १५ |
| २ | विगत बर्षहरुसंगको तुलनात्मक विवरण | १६ |
| ३ | आ.व. २०७६/०७७ को परीक्षण संख्याको विवरण | १७ |
| ४ | परीक्षण संख्याको तुलनात्मक विवरण | १७ |
| ५ | कार्यक्रमको तुलनात्मक विवरण | १७ |
| ६ | राजस्व बक्यौताको विवरण | १८ |
| ७ | आ.व.२०७६/०७७ को खर्चको विवरण | २० |
| ८ | आ.व. २०७६/०७७ को पूँजिगत खर्चको विवरण | २० |


## रेखा चित्र


| क्र.सं. | विषय | पाना |
|---|---|---|
| १ | विगत बर्षहरुसंग प्रगतिको मात्र तुलनात्मक विश्लेषण | १६ |

# भन्सार जाँचपास पछिको परीक्षण

## Post Clearance Audit (PCA)

### १. पृष्ठभूमी :

भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु निकासीकर्ता वा पैठारीकर्ताले घोषणा गरे बमोजिमको मालवस्तु हो वा होइन वा निकासीकर्ता वा पैठारीकर्ताले गरेको घोषणा अनुरुप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद वा विक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, वैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गरिने पद्धतिलाई जाँचपास पछिको परीक्षण भनिन्छ । भन्सारबाट मालवस्तु जाँचपास गराउने भन्सार एजेण्ट, निकासी/पैठारीकर्ताका साथै अन्य सम्वन्धित पक्षले पेश गरेको लेखा र अन्य कागजात परीक्षण गरी पैठारी भएको मालवस्तुको घोषणा भन्सार ऐन, नियमावली, आर्थिक ऐन र अन्य प्रचलित कानुनमा उल्लेख भएका प्रावधान अनुरुप भए/नभएको सुनिश्चित गर्न जाँचपास पछिको परीक्षण गरिन्छ । यस्तो परीक्षण गर्दा कानूनको अज्ञानताको कारण भएको गल्ती, असावधानीवस भएको कानूनको उल्लघंन र जानाजानी गरेको गल्ती समेत पत्ता लगाई कानूनको पालना गराउने र राजस्वमा हानी हुन गएको भएमा त्यसको असुल उपर गर्ने कार्य समेत गरिन्छ ।

यस अन्तर्गत भन्सारमा पैठारीकर्ताले पेस गरेको कागजात र विवरणलाई तत्काल मान्यता दिई जाँचपास गर्ने र मालवस्तु पैठारीकर्ताको व्यापारिक स्थल, गोदाम वा औद्योगिक केन्द्रमा पुगिसके पश्चात एवं विक्री भए पछि समेत भन्सारमा निज पैठारीकर्ताले पेश गरेको विवरण सत्य भए/नभएको परीक्षण गर्ने कार्य गरिन्छ । परीक्षण गर्ने क्रममा मालवस्तुको भन्सार बिन्दुमा घोषित मूल्य र बजारमूल्य बीचको तुलना एवं विश्लेषण गरी भन्सारमा घोषित मूल्य र बजारमूल्यको बीचमा अस्वभाविक अन्तर देखिएमा आयातित मालवस्तुको भन्सार ऐन अनुसार पुनःमूल्याङ्कन गरी थप महसुल र जरिवाना समेत असुल उपर गर्ने कार्य जाँचपास पश्चातको परीक्षणबाट गरिन्छ । यसलाई भन्सार आधुनिकीकरणको अत्यन्तै महत्वपूर्ण औजारका साथै व्यापार सहजीकरण एवं नियन्त्रणको प्रभावकारी माध्यमका रुपमा समेत लिइन्छ ।

विश्व व्यापार संगठनको मूल्याङ्कन सम्बन्धी सम्झौताको कार्यान्वयन गर्न, संशोधित क्योटो अभिसन्धी कार्यान्वयन गरी भन्सारका प्रक्रियाहरुलाई सरलीकरण गर्न, व्यापार सहजीकरण, पारदर्शिता र राजस्व संकलनका वीचमा सन्तुलन कायम गर्न भन्सार प्रशासनमा अवलम्वन गरिएको नविन कार्यपद्धतिको रुपमा जाँचपास पछिको परीक्षणलाई लिन सकिन्छ । Revised Kyoto Convention का अनुसार PCA भनेको पैठारीकर्ताको घोषणा कानुन बमोजिम ठीक दुरुस्त वा वास्तविक कारोबार मूल्यमा आधारित छ भनी भन्सार विस्वस्त हुनका लागि उसको कागजात, खाता बही, व्यावसायिक प्रणाली वा पद्धती, वित्तीय सूचना तथा तथ्यांक आदिको निरिक्षण परीक्षण गर्ने कार्यलाई जनाउछ । यसले विकास गरेका New Technology, Opening hours, Post Clearance Audit (PCA), Pre-arrival processing, Single window लगायतका धेरै व्यापार सहजीकरण तथा भन्सार आधुनिकीकरणका Tools वा नविन अवधारणाहरुको विकास गर्ने क्रममा सन १९९९ जुनमा भन्सार जाँचपास पछिको परीक्षणको उत्पत्ति भएको हो भने सन २००६ फ्रेबुवरी ३ बाट यसलाई विश्वव्यापीरुपमा अनिवार्य गरिएको थियो । यसैक्रममा नेपालमा विक्रम सम्बत् २०६६ असोज ५ गते भन्सार विभाग अन्तर्गत छुट्टै संस्थाको रुपमा भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना भएको हो । आ.व. २०७४/०७५ को आर्थिक ऐनबाट PCA सम्बन्धी कार्य PCA कार्यालयले मात्र गर्ने कानूनी व्यवस्था भएको हुँदा सोही बमोजिम हाल PCA को कार्य PCA कार्यालयले मात्र गर्दै आएको छ ।

## २. नेपालमा भन्सार जाँचपास पछिको परीक्षणको विकास :

भन्सार ऐन, २०१९ को सातौं संशोधन (२०५४) बाट दफा ४४(ख) थप गरी जाँचपास भएका मालवस्तुहरुको प्रज्ञापनपत्रहरु भन्सार अड्डाले पुनरावलोकन गर्न सक्नेछ, र पुनरावलोकन गर्दा जाँचपास भएको मितिले ४ वर्ष भित्र गरिसक्ने भन्ने व्यवस्था भयो ।

नेपालले वि.सं. २०५७ बाट GATT Valuation पद्धतीलाई आत्मसात गरे पछि भन्सार ऐन, २०१९ को सातौं संशोधन र आर्थिक ऐन, २०५७ बाट भन्सार कार्यालयले नै कारोबार मूल्यका आधारमा भन्सार मूल्याङ्कन गर्न सक्ने व्यवस्था गरियो ।

नेपाल विश्व व्यापार संगठनको सदस्य भईसकेपछि (सन् २००४ अप्रिल) WTO Valuation System लाई अवलम्वन गर्नुपर्ने भएकोले कारोबार मूल्यका आधारमा भन्सार मूल्याङ्कन हुन

थालेपछि आर्थिक वर्ष २०६०/०६१ मा भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजनाको प्रथम चरणमा भन्सार जाँचपास पछिको परीक्षणलाई औपचारिक रूपमा वार्षिक कार्यक्रममा र आर्थिक ऐनमा प्रवेश गराइयो ।

आर्थिक वर्ष २०६०/०६१ देखि २०६३/०६४ सम्म आर्थिक ऐनले दिएको अधिकार प्रयोग गरी परीक्षण हुँदै आएकोमा भन्सार ऐन, २०६४ को परिच्छेद-८, दफा-३४ मा जाँचपास पछिको परीक्षण सम्बन्धी प्रावधानलाई भन्सार ऐनमा नै समावेश गरियो । त्यस्तै भन्सार नियमावली, २०६४ मा, भन्सार जाँचपास पछिको परीक्षण सम्बन्धी प्रयोजनको लागि छुट्टै परिच्छेदको व्यवस्था समेत गरियो ।

आर्थिक वर्ष २०६६/०६७ भन्दा पूर्व सम्बन्धित भन्सार कार्यालयहरू र भन्सार विभागको मूल्याङ्कन शाखाबाट परीक्षण हुँदै आएकोमा आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्य मार्फत भन्सार जाँचपास पछिको परीक्षण कार्यको लागि छुट्टै भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्ने घोषणा भए अनुरुप कार्यालय स्थापना गरी सो कार्यालयवाट र सवै भन्सार कार्यालयहरुवाट समेत जांचपास पछिको परीक्षणको कार्य हुदै आएकोमा २०७४ देखि भन्सार जाँचपास परीक्षण कार्यालयवाट मात्र परीक्षणको कार्य हुने गरेको छ । आर्थिक ऐन २०७५ ले जांचपास पछिको परीक्षणलाई प्रभावकारी वनाउन भन्सार ऐनमा थप संसोधन गरी यस सम्वन्धी कानूनी व्यवस्थालाई थप मजवुत वनाएको छ । यसरी हाल यस सम्वन्धी संस्थागत व्यवस्था, कानूनी एवं कार्यविधिगत व्यवस्था तथा आवश्यक जनशक्तिको समेत व्यवस्था गरी जांचपास पछिको परीक्षणलाई भन्सार प्रशासनको मुख्य कार्यका रुपमा स्वीकारिएको छ । यो कार्यालय भन्सार विभाग अन्तर्गत रहेको छ । हाल राजपत्राकिंत प्रथम श्रेणीको कार्यालय प्रमुख रहने गरी प्रमुख भन्सार परीक्षक ४, भन्सार परीक्षक १४ र नायव सुब्बा स्तरका १० सहित ४३ जना कर्मचारीको दरवन्दी रहेको छ ।

## ३. जाँचपास पछिको परीक्षणको उद्देश्य :

विश्व भन्सार संगठन, RKC, WTO तथा अन्य संस्थाहरु र सन्धि संझौताहरु अनुसार भन्सार प्रशासनमा कार्यान्वयनमा ल्याइएको नविन पद्धतिका रुपमा रहेको जाँचपास पछिको परीक्षणका मुख्य मुख्य उद्देश्यहरु निम्न वमोजिम रहेका छन :-

क) भन्सारको कानून तथा प्रकृया बमोजिम नै पैठारीकर्ताले घोषणा गरी पूर्णरुपमा कर सहभागिता तथा सामाजिक दायित्व पुरा गरेको छ भनी उसको व्यावसायिक प्रणाली वा पद्धती, लेखाप्रणाली र कारोबार स्थलको निरीक्षण परीक्षण गर्ने । (To assure that Customs declarations have been completed in compliance with Customs requirements, via examination of a trader's systems, accounting records and premises;)

ख) भन्सारमा दाखिला गर्नुपर्ने कर दायित्वको पहिचान गरी सो कर दाखिला गरे नगरेको परीक्षण गर्ने । (To verify that the amount of revenue legally due has been identified and paid;)

ग) असल व्यवसायी वा पूर्णरुपमा कर सहभागिता जनाउने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकासी तथा पैठारीकर्ताको लागि व्यापार सहजीकरण गर्ने । (To facilitate international trade movements of the compliant trade sector)

घ) निकासीकर्ता वा पैठारीकर्ताले कानून बमोजिम पुरा गर्नुपर्ने प्रकृया तथा प्रमाणहरु वा दायित्वहरु पुरा गरेको छ भनी सुनिश्चित गर्ने । जस्तैः प्रतिवन्धित बस्तुको कारोबार, सिफारिस, अनुमति पत्र, उत्पत्तिको प्रमाण पत्र आदि । (To ensure goods liable to specific import/export controls are properly declared, including prohibitions and restrictions, licenses, quota, etc.;)

ङ) निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी गर्ने अधिकारका विषयमा सुनिश्चित हुने । (To ensure conditions relating to specific approvals and authorizations are being observed, e.g. pre-authenticated transit documents, preferential origin/movement certificates, licenses, quota arrangements, Customs and excise warehouses and other simplified procedure arrangements.)

च) मालवस्तुको आवागमनलाई बढी सुविधायुक्त तुल्याउन आवागमनमा आधारित नियन्त्रण (Transaction Based Control) लाई लेखा परीक्षणमा आधारित नियन्त्रण (Audit Based Control) मा रुपान्तरण गर्नु ।

## ४. जाँचपास पछिको परीक्षणको आवश्यकता एवं महत्व :

जाँचपास पछिको परीक्षणमा पैठारीकर्ताको व्यवसायिक विश्वसनीयताको समेत परीक्षण गरिने हुँदा यसले पैठारीकर्ताको व्यवसायिक विश्वसनीयता वृद्धि गर्न समेत सहयोग पुऱ्याउदछ । यसले पैठारीकर्ताको कानून पालनाको स्तरलाई मापन गर्न भन्सार प्रशासनलाई सघाउ पुऱ्याउदछ भने जोखिम व्यवस्थापनका सूचकांङ्क विकास गर्न सूचना प्रदान गर्नुका साथै राजस्व चुहावट नियन्त्रण गर्न र भन्सार जाँचपासको प्रक्रियालाई सुधार गर्न पृष्ठपोषण समेत प्रदान गर्दछ ।

पैठारीकर्ता वा निजको तर्फवाट काम गर्ने एजेन्टले पैठारी गरिएका वस्तुहरुको वास्तविक कारोबार मूल्यमा लाग्ने कर तथा अन्य महशुल गणना गरी भन्सार कार्यालयमा स्वयं घोषणा गरी दाखिला गर्नु पर्दछ । यस्तो गर्दा व्यवसायीले ज्ञानको अभावले वा सम्बन्धित कानूनको गलत व्याख्या गरेर वा नियतपूर्वक गलत घोषणा गर्न सक्ने संभावना समेत रहन्छ । जाँचपास पछिको परीक्षणले त्यस्ता क्रियाकलापहरुलाई पहिचान गरी छुट हुन गएको राजस्व असुल गर्ने एवं कानूनको उल्लघन गर्नेलाई कारवाहीको दायरामा ल्याउन सघाउ पुऱ्याउने हुँदा भन्सार प्रशासनका लागि यो अति आवश्यक देखिन्छ ।

## ५. जाँचपास पछिको परीक्षणको फाइदाहरु :

१) राजस्व चुहावट भए नभएको यकिन गरी असुल उपर गर्ने ।

२) चुहावटको प्रकृतिलाई विश्लेषण गरी सो को पृष्ठपोषण भन्सार कार्यालयलाई लेखी पठाउने ।

३) विश्वससनीय पैठारीकर्ताको पहिचान गर्ने ।

४) व्यवसायिक वातावरणमा हुने अस्वस्थ्य प्रतिष्पर्धालाई अन्त्य गर्ने ।

५) भन्सार जाँचपासमा लाग्ने समय र लागत कम गरी जाँचपासलाई सहजीकरण गर्ने ।

६) भन्सार प्रशासनलाई अझ बढी व्यावसायिक बनाउन सहयोग गर्ने ।

७) पैठारीकर्ताको गल्तिहरु वा त्रुटीहरुको पहिचान गरी सम्बन्धित निकायमा आबश्यक कारवाहीको लागि अनुरोध गर्ने ।

८) अनौपचारिक अर्थतन्त्रको न्यूनीकरणमा सहयोग पुग्ने ।

## ६. जाँचपास पछिको परीक्षणका प्रकारहरु :

जाँचपास पछिको परीक्षण गरिने वस्तुको छनौट, परीक्षण गरिने तरिका ,परीक्षण गरिने वस्तु एवं कागजात समेतका आधारमा जांचपास पछिको परीक्षणका प्रकारलाई निम्न वमोजिम उल्लेख गर्न सकिन्छ ।

- **डेस्क परीक्षण :** कार्यालयमै वसी गरिने परीक्षणनै डेस्क परीक्षण हो । यस्तो परीक्षणका लागि पैठारीकर्ताको छनोट गर्न व्यवस्थित डाटावेश आवश्यक पर्दछ । वस्तुको मुल्य, महसुल, दिएको विषेश छुट, एवं डाटावेस र घोषित मुल्यका बीच देखिने अन्तर जस्ता जोखिम सूचकका आधारमा यस्तो परीक्षणका लागि पैठारीकर्ताको छनोट गरिन्छ । कार्यालयले तयार गरेका मापदण्ड र पैठारीकर्ताका प्राप्त कागजातहरुको विश्लेषण गरी कारोबारको परीक्षण गरिन्छ ।

- **वस्तुमा आधारित परीक्षण :** कुनै एउटा पैठारीकर्ता वा धेरै पैठारीकर्ताले एउटै वा विभिन्न भन्सार कार्यालयहरुवाट पैठारी गरेको न्यून वीजकिकरण गरेको शंका भएको वस्तुलाई छनौट गरी गरिने परीक्षण नै वस्तुमा आधारित परीक्षण हो । यस्तो परीक्षणमा पैठारीकर्ताको समग्र कन्साइनमेन्टको परीक्षण नगरी खास खास वस्तुलाई मात्र छनौट गरी परीक्षण गरिन्छ । मुल्य, महशुल दर जस्ता जोखिम वढि भएका वस्तुहरु छनौट गरी परीक्षण गरिने हुनाले यसलाई वस्तुमा आधारित जाँचपास पछिको परीक्षण भनिएको हो । यस्तो परीक्षणका लागि योजना वनाई व्यवसायीको कारोवार स्थलमा समेत गई आवश्यक सूचना एवं जानकारी संकलन गरिन्छ भने त्यस्ता वस्तुको कारोवार संग सम्वन्धित समग्र पक्षको विस्तृत परीक्षण गरिन्छ ।

- **फर्मको फिल्ड/स्थलगत परीक्षण :** पैठारीकर्ताको कारोवार स्थलको अवलोकन एव निरीक्षण समेत गरी गरिने जाँचपास पछिको परीक्षणलाई फर्मको फिल्ड/स्थलगत परीक्षण भनिन्छ । कुनै पैठारीकर्ताको विस्तृत परीक्षण गर्नु पर्ने अवस्थामा यस्तो परीक्षण गरिन्छ । यस्तो परीक्षण गर्न स्थलगत भ्रमणको योजना वनाउने, जोखिमका आधारहरु तोक्ने र जोखिम सूचकका आधारमा परीक्षणका लागि पैठारीकर्ताको छनोट गरी पैठारीकर्ताको कारोवार संग सम्वन्धित सम्पूर्ण पक्षहरुको विस्तृत परीक्षण गरिन्छ । अन्य निकायहरुसंग मिली संयुक्त रुपमा समेत यस्तो परीक्षण गर्ने प्रचलन रहेको छ ।

विश्व भन्सार संगठनले जाँचपास पछिको परीक्षणको कार्यान्वयनलाई प्रभावकारी रुपमा सम्पादन गर्न सबै सदस्यहरुलाई सहयोग पुऱ्याउने उद्देश्यले PCA सम्बन्धी Guideline को Volume १ र २ प्रकाशित गरेको छ । Volume १ मा परीक्षण कार्य संचालन गर्न Cycle का रुपमा तल उल्लेखित प्रक्रियालाई तोकेको छ । यसमा जोखिम व्यवस्थापनका सूचक पूनरावलोकन गर्ने, परीक्षण योजना बनाउने, परीक्षणका लागि पैठारीकर्ताको छनौट गर्ने, परीक्षणको तयारी गर्ने, स्थलगत परीक्षण गर्ने, परीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने र सो को मूल्यांकन एवं अनुगमन गर्ने प्रक्रियालाई समेटेको छ ।




श्रोत: विश्व भन्सार संगठन (WCO)

## ७. भन्सार जाँचपास परीक्षण सम्बन्धी आर्थिक ऐन २०७७ ले गरेको व्यवस्था :

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ । यस अघि स्थापना भएको भन्सार जाँचपास परीक्षण कार्यालय यसै दफा बमोजिम स्थापना भएको मानिनेछ ।

"भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले भन्सार ऐनको दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नको लागि स्थापना गरिएको कार्यालयलाई सम्झनु पर्छ ।

“भन्सार परीक्षक” भन्नाले प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि महानिर्देशकले तोकेको अधिकारीलाई समेत जनाउँछ ।

**भन्सार ऐन २०६४ दफा ३४ अनुसार जाँचपासपछि परीक्षण गर्न सकिने:**

(१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु निकासीकर्ता वा पैठारीकर्ताले घोषणा गरेबमोजिमको मालवस्तु हो वा होइन वा निकासीकर्ता वा पैठारीकर्ताले गरेको घोषणा अनुरुप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद वा विक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ । त्यसरी परीक्षण गर्दा आवश्यक देखेमा महसुल समेत निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यसरी घटी भएको मूल्य वा परिमाणमा निकासी वा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी घटी कारोवार मूल्य वा परिमाण घोषणा गरेबापत निजलाई यस ऐन बमोजिम कारवाही गर्नेछ ।

तर घटी कारोवार मूल्य घोषणा गरेकोमा लाग्ने महसुलको **शत प्रतिशत जरिवाना** गर्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असूल भएको देखिएमा त्यस्तो **कम महसुल रकम र सो बरावरको जरिवाना रकम** भन्सार जाँचपास परीक्षण कार्यालयले निकासीकर्ता वा पैठारीकर्ताबाट तत्काल असुल गर्नेछ ।

(४) महानिर्देशक वा भन्सार परीक्षकले उपदफा (१) बमोजिम परीक्षण गर्दा यस ऐन बमोजिम मालवस्तुको सम्बन्धमा खुलाउनु पर्ने कुराहरु खुलाई स्पष्ट घोषणा नभएको देखेमा सम्बन्धित व्यक्तिलाई झिकाउन, बयान गराउन, प्रमाण वुझ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न वा निजबाट यस ऐन बमोजिम लाग्ने थप रकम वा जरिवाना असुल गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम परीक्षण गर्दा जारी गरिएका म्यादमा उपस्थित नहुने वा माग गरिएबमोजिम लिखत प्रमाण वा कागजात पेश नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (५क) बमोजिम जरिवाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोवार रोक्का गरी उपलव्ध भएसम्मका लिखित प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ ।

*"(१५क) दफा ३४ बमोजिम परीक्षण गर्ने प्रयोजनका लागि माग गरेका हिसाव, कर विवरण, बीजक तथा कागजात तोकिएको समयमा उपलब्ध नगराउने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले **पटकैपिच्छे दश हजार रुपैयाँ** जरिवाना गर्न सक्नेछ ।")*

तर यस उपदफा बमोजिम परीक्षण गरिसकेपछि सो निकासीकर्ता वा पैठारीकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुनः परीक्षण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन ।

(६) उपदफा (२) र (३) बमोजिम जरिवाना वा थप रकम असूल गर्ने आदेश दिनु पूर्व सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम निर्धारण भएको महसुल तथा जरिवाना बापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए बमोजिमको रकम दाखिला गर्नु पर्नेछ । उक्त अवधिभित्र दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिवाना दाखिला गर्ने आदेश भएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत गणना गरी असुलउपर गरिनेछ ।

(८) उपदफा (७) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नबुझाउने निकासीकर्ता वा पैठारीकर्ताको कारोवार तथा चल अचल सम्पत्ति रोक्का गरी भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल उपर गर्नेछ ।

(९) उपदफा (८) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(१०) महानिर्देशक वा भन्सार परीक्षकले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैंक, वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ । यसरी माग गरिएका हिसाव, कर विवरण, बीजक तथा कागजात उपलव्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।"

(११) यस दफा बमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ ।

तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्टा लिखत वा कागजात तयार गरी लाग्ने भन्दा कम महसुल दालिखा गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत जाँचपास पछिको परीक्षण गर्न सक्नेछ ।

*दफा ५७ को उपदफा (२०) बमोजिम कुनै व्यक्तिले यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु, जुन उद्देश्यले पैठारी गरेको हो त्यस्तो उद्देश्य विपरीत प्रयोग वा बिक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै मालवस्तु पैठारी गरेको पाइएमा भन्सार अधिकृत वा भन्सार परीक्षकले त्यस्ता मालवस्तुको* ***भन्सार मूल्यको शत प्रतिशत*** *जरिवाना गर्न सक्नेछ ।"*

निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ )

## ८. भन्सार जाँचपास परीक्षण कार्यालयको सांगठनिक ढाँचा :

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**भन्सार विभाग**

# भन्सार जाँचपास परीक्षण कार्यालय

**संगठन चार्ट**




*आवश्यकता अनुसार समय सिमा तोकि सेवा करारमा लिने ।

## ९. भन्सार जाँचपास परीक्षण कार्यालयको दरबन्दी विवरण :

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | विद्यमान दरबन्दी | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख भन्सार परीक्षण प्रशासक | रा.प.प्रथम | प्रशासन | | १ | ० |
| २ | प्रमुख भन्सार परीक्षक | रा.प.द्वितीय | प्रशासन | राजस्व | ४ | ० |
| ३ | भन्सार परीक्षक | रा.प.तृतीय | प्रशासन | राजस्व | १४ | ९ |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | १ | १ |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | ० |
| ६ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | १ | ० |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | ० |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | १ |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | १० | ० |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | ० |
| ११ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरिङ्ग | ज.मे. | ४ | ० |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ४ | ० |
| जम्मा | | | | | ४३ | ११ |

## १०. भन्सार जाँचपास परीक्षण कार्यालयको मूलभूत कार्यहरु :

- **सूचना संकलन गर्ने :**

  भन्सार कार्यालयहरुवाट जाँचपास भएका कन्साइन्मेन्टहरुमा राजस्व जोखिम भएको नभएको, जाँचपासको क्रममा वर्गीकरण फरक परेको वा नपरेको, छुट सुविधाहरुको सही प्रयोग भए नभएको वा न्यून विजकीकरण भए नभएको जस्ता विषयमा कार्यालयले सूचना संकलन गर्दछ ।

- **छनौट सम्बन्धी कार्यहरु :**

  कार्यालयमा प्राप्त सूचनाका आधारमा जोखिम देखिएका कन्साइन्मेन्ट, वस्तु वा फर्महरुको छनौट गरिन्छ । यसरी छनौट गर्दा विभागले पचास प्रतिशत र कार्यालयले पचास प्रतिशत छनौट गर्ने गरिएको छ ।

- **परीक्षण सम्बन्धी कार्यहरु :**

  भन्सार विभाग वा कार्यालयले छनौट भएका कन्साइन्मेन्ट, वस्तु वा फर्महरु विभिन्न परीक्षण टोलीलाई जिम्मेवारी सुम्पिएर परीक्षणको कार्य शुरु हुन्छ । कार्यालयमा हाल चारवटा परीक्षण टोलीहरु रहेका छन । ती टोलीहरुले पन्ध्र दिनको म्याद दिएर आवश्यक कागजपत्रहरु कार्यालयमा पेश गर्न सुचना दिने र कागजात पेश भएपछि परीक्षणको कार्य अगाडि वढाउने गर्दछन ।

- **प्रतिवेदन लेखन, Reporting र महसुल निर्धारण सम्बन्धी कार्यहरु :**

  कार्यालय वा विभागवाट छनौट भएका कन्साइन्मेन्ट, वस्तु वा फर्महरुको परीक्षण गरि प्रतिवेदन तयार गर्ने, रिर्पोटिङ्ग गर्ने र महशुल निर्धारण गर्ने काम सम्पन्न गरिन्छ ।

- **राजस्व व्यवस्थापन सम्बन्धी कार्यहरु :**

  कार्यालयद्वारा निर्धारण गरिएको महशुल असुलीको काम गरिन्छ ।

- **मानव स्रोत विकास सम्बन्धी कार्यहरु :**

  कार्यालयमा कार्यरत जनशक्तिको यथोचित विकास गर्न विभिन्न समयमा तालिमहरु सन्चालन हुँदै आएका छन ।

- **अन्तरक्रिया कार्यक्रम संचालन :**

  निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट तथा अन्य व्यवसायीहरुलाई भन्सार जाँचपास परीक्षणको वारेमा जानकारी गराउन र परीक्षणको क्रममा आउने समस्याहरुको समाधान गर्न विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु विभिन्न क्षेत्रहरुमा सन्चालन हुदै आएका छन ।

- **पृष्ठ पोषण सम्बन्धी कार्यहरु :**

  त्यस्ता अन्तरक्रिया तथा गोष्ठीहरुवाट प्राप्त हुने सुचना तथा जानकारीहरुलाई पृष्ठपोषणको रुपमा लिइन्छ ।

- **सम्बन्धित निकायमा सिफारिस गर्ने :**

  भन्सार जाँचपास परीक्षणका क्रममा जानकारी हुन आएका अधिक विजकीकरण वा न्यून विजकीकरण वा गलत वर्गीकरण जस्ता विषयहरु समाधानका लागि विभागमा सिफारिस गर्ने गरिन्छ ।

- **बक्यौता व्यवस्थापन :**

  भन्सार जाँचपास परीक्षण भई महशुल निर्धारण भई सकेपछि पैठारीकर्ताले महशुल नवुझाएमा वक्यौता कायम गरी असुल उपर गर्न आवश्यक कार्य गर्ने गरिन्छ ।

- **मुद्धाको व्यवस्थापन :**

  यस कार्यालयवाट भएको निर्णयमा चित्त नबुझेमा ३५ दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिन्छ । अन्य अवस्थामा पनि कार्यालयको काम कारवाहीको सम्वन्धमा सेवाग्राहीहरु अदालतमा जान सक्छन । त्यसको व्यवस्थापन पनि हुदै आएको छ ।

## तालिका १ भन्सार जाँचपास परीक्षण कार्यालयको आ.व. २०७६/०७७ को महसुल निर्धारण तथा कार्यगत प्रगति विवरण :

(राजस्व रू. हजारमा)

| क्र. सं. | विवरण | वार्षिक | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगती | प्रगति % |
| १ | भन्सार महसुल | ९११८९ | ५७४५१ | ६३.०० |
| २ | अन्त:शुल्क | १४२३५ | ११५३ | ८.०१ |
| ३ | मूल्य अभिबृद्धि कर | ६०५६० | १०७५० | १७.७५ |
| | **कुल जम्मा राजश्व** | १६५९८४ | ६९३५४ | ४१.७८ |
| | | **Firm Audit** | | |
| १ | बार्षिक(१ वर्षको)परिक्षण संख्या | | ९ | |
| २ | ६ महिनाको परीक्षण संख्या | | ११ | |
| ३ | ३ महिनाको परीक्षण संख्या | | ८ | |
| | | **Product based Audit** | | |
| १ | बार्षिक(१ वर्षको)परिक्षण संख्या | | ६ | |
| २ | ६ महिनाको परीक्षण संख्या | | ३ | |
| ३ | ३ महिनाको परीक्षण संख्या | | ५ | |
| | | **Consignment Audit** | | |
| | प्रत्येक प्रज्ञापनपत्र परीक्षण संख्या | | ६२ | |
| **कुल जम्मा परीक्षण संख्या** | | | १०४ | |
| १ | **बेरूजु फछ्र्यौट** | | | |
| २ | **अन्तरक्रिया कार्यक्रम संचालन** | **तीन वटा सम्पन्न भएको ।** | | |
| ३ | **Digital अभिलेख व्यवस्थापन** | **नियमित रूपमा भइरहेको ।** | | |

## तालिका २ विगत बर्षहरुसंगको तुलनात्मक विवरण :

| आर्थिक वर्ष | भन्सार महशुल | | अन्तःशुल्क | | मू.अ.कर | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| २०७४/७५ | ४१०४३ | १२८२४१ | | २२२७८ | ४४४२७ | ११६५६१ | ८५४७० | २६७०८० | ३१२.०० |
| २०७५/७६ | ५९९२९ | १७०५१८ | | ५२८२ | ६४८७१ | ४२४९५ | १२४८०० | २१८२९५ | १७४.९१ |
| २०७६/७७ | ९११८९ | ५७४५१ | १४२३५ | ११५३ | ६०५६० | १०७५० | १६५९८४ | ६९३५४ | ४१.७८ |

## रेखा चित्र १ विगत बर्षहरुसंग प्रगतिको मात्र तुलनात्मक विश्लेषण



## तालिका ३ आ.व. २०७६/०७७ को परीक्षण संख्याको विवरण

| शिर्षकहरु | १ बर्ष | | ६ महिना | | ३ महिना | | Consignment | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती |
| Firm Based Audit | | ९ | | ११ | | ८ | | |
| Product Based Audit | | ६ | | ३ | | ५ | | |
| Consignment Based Audit | | | | | | | | ६२ |
| Total | | १५ | | १४ | | १३ | | ६२ |
| Total Audited Importers | कूल जम्मा लक्ष्य | | | | प्रगती | | १०४ | |

## तालिका ४ परीक्षण संख्याको तुलनात्मक विवरण

| तुलनात्मक विवरण कूल परीक्षण संख्या Consignment र पैठारीकर्ताको आधारमा | | | | |
|---|---|---|---|---|
| आ.व. | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | कैफियत |
| २०७३/०७४ | २४० | २४४ | १०२% | पैठारीकर्ता |
| २०७४/०७५ | ३२५ | ३५० | १०८% | पैठारीकर्ता |
| २०७५/०७६ | ३५७ | १९९ | ५५.७४% | पैठारीकर्ता |
| २०७६/०७७ | २७५ | १०४ | ३८% | पैठारीकर्ता |
| नोट : विगतमा Consignment को आधार भएकोमा हाल Firm Audit, Product Audit आदिको आधारमा पैठारीकर्ता गणना गरीएको छ। | | | | |

## तालिका ५ कार्यक्रमको तुलनात्मक विवरण

| **शिर्षक** | **लक्ष्य** | **प्रगती** | **प्रगति प्रतिशत** |
|---|---|---|---|
| अन्तर्क्रिया कार्यक्रम संचालन ( संख्या) | १० | ३ | ३०% |

## ११. मुद्धाको विवरण :

- गत विगत आ.व. बाट सरी आएका मुद्धा संख्या : १२
- आ.व. २०७६/०७७ मा फैसला भएका मुद्धा संख्या : ९
- आ.व. २०७६/०७७ मा दर्ता भएका मुद्धा संख्या : ४
- आ.व. २०७६/०७७ आषाढ मसान्तको बाँकी मुद्धा संख्या : ७
- सर्बोच्च अदालतमा विचाराधिन मुद्धा संख्या : ३ (पुनराबेदनको अनुमती माग गरिएका समेत)
- राजस्व न्यायाधिकरणमा विचाराधिन मुद्धा संख्या : ४
- फैसला भएका ६ वटा मध्ये १ वटा फर्छ्यौट भएको, ४ (पुनराबेदनको अनुमती माग गरिएको र २ वटा कार्यालयमा निर्णय प्रकृयामा रहेको ।
- मुद्धामा गएका १६ पैठारीकर्ताको कूल महशुल रकम रु १५,८२,६१,५१८।००

### तालिका ६ राजस्व बक्यौताको विवरण

| क्र.सं. | आ.व. | भन्सार महशुल | अन्त:शुल्क | मू.अ. कर | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | २०७५/०७६ सम्मको कूल जम्मा बक्यौता | २७९९१६४०७ | ३५६१२५२० | १६२३०४२६४ | ४७७८३३१९१ |
| २ | आ.व. २०७६/०७७ आषाढ मसान्तको निर्धारण | ५७५२५७१६ | ११७३३५६ | १०७८२३६१ | ६९४८१४३३ |
| ३ | २०७६/०७७ सम्मको कुल जम्मा बक्यौता र निर्धारण | ३३७४४२१२३ | ३६७८५८७६ | १७३०८६६२५ | ५४७३१४६२४ |
| ४ | २०७६/०७७ आषाढ मसान्त सम्मको असुली | १२७०४११४ | ९३२२७० | ९०१७४५९ | २२६५३८४३ |
| ५ | २०७६/०७७ आषाढ मसान्त सम्मको खुद बक्यौता | ३२४७०६९९० | ३५८५३६०६ | १६४०६९१६५ | ५२४६६०७८० . |
| ६ | मुद्धामा गएको रकम रु | | | | १५८२६१५१८ |
| ७ | २०७६/०७७ आषाढ मसान्त सम्मको खुद बक्यौता | | | | ३६६३९९२६२ |

## १२. आ.व. २०७६/७७ मा भएका मूलभूत कार्यहरु :

- लक्ष्यको तुलनामा ४१.७८ प्रतिशत प्रगति हासिल ग री रु. ६ करोड ९३ लाख ५४ हजार राजस्व निर्धारण भएको ।
- Firm Audit 28, Product Audit 14, Consignment Audit 62 गरी जम्मा 104 फर्महरुको अडिट कार्य सम्पन्न गरिएको ।
- परीक्षणको तथा बक्यौता अभिलेख व्यवस्थापन Software निर्माण कार्य सकिएको र कर्मचारीलाई तालिम दिई यसलाई पूर्ण सञ्चालनमा ल्याउनु पर्ने ।
- क्षमता अभिवृद्धी तालिम एकवटा संचालन गरिएको।
- साविकमा कोटेश्वर तीनकुने स्थित भाडाको घरमा रहेको भन्सार जाँचपास परीक्षण कार्यालय भन्सार विभागको हाताभित्र यसभन्दा अगाडी भन्सार विभाग वसेको भवनमा २०७६ भाद्रमा स्थानान्तरण गरिएको ।
- भन्सार जांचपास सम्वन्धी गोष्ठी/अन्तरक्रिया कार्यक्रम भैरहवा, नेपालगन्ज र कृष्णनगरमा सन्चालन गरिएको ।

## १३. कार्यालयले महशुस गरेका अन्य महत्वपूर्ण विषयहरु :

- यस कार्यालयका कम्तीमा पनि प्रमुख भन्सार परीक्षण प्रशासक वा प्रमुख भन्सार परीक्षक सम्मलाई म.ले.प., रा.अ.वि. आदिले पाएजस्तो भन्सारको तथ्यांकमा प्रवेश गर्ने अनुमती दिनुपर्ने ।
- यस कार्यालयको भवन हाल साँघुरो भएकोले माथिल्लो तलाको सिलिङ्ग मर्मत तथा रंगरोगन गरी प्रयोगमा ल्याउनुपर्ने ।
- १४ जना अधिकृतको दरबन्दीमा हाल ४ जना मात्र रहेकोले यस कार्यालयमा सधै कर्मचारीको अभाव रहने गरेको तर्फ विशेष ध्यान जानु पर्ने देखिन्छ । यो कार्यालयको कार्य प्रणाली वा जिम्मेबारी भन्सार र कर दुबैसंग सम्बन्धित हुनाले सरुवाको समयमा भन्सार र कर Background का कर्मचारी सन्तुलन मिलाई सरुवा गर्दा बढी प्रभावकारी हुने देखिन्छ ।
- कर्मचारी व्यवस्थापनलाई थप प्रभावकारी बनाउन र कर्मचारीलाई कार्य सम्पादन प्रति उत्प्रेरित गर्न कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- यस कार्यालका कर्मचारीको मनोबल उच्च बनाउनको लागि स्वदेशी तथा बैदेशिक अवलोकन भ्रमण, सरुवा बढुवा लगायतका अबसरहरुमा पहिलो प्राथमिकतामा राखिनुपर्ने देखिन्छ

### तालिका ७ आ.व.२०७६/०७७ को खर्चको विवरण

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित वजेट | प्रगति | |
|---|---|---|---|---|
| | | | वजेट खर्च | भैतिक प्रगति प्रतिशत |
| १ | चालु खर्च | ३,३८,१८,००० | २,५४,६६,०९३.३३ | ७५.३० |
| २ | पूजिगत खर्च | ६२,००,००० | ३०,२४,८८५ | ४८.७८ |

### तालिका ८ आ.व. २०७६/०७७ को पूँजिगत खर्चको विवरण

| क्र सं | कार्यक्रमको नाम | विनियोजन प्रगती | | | विनियोजन र प्रगती | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | | | आ.व. २०७६/०७७ | | |
| | | विनियोजित बजेट | बजेट खर्च | भौतिक प्रगति | विनियोजित बजेट | बजेट खर्च | भौतिक प्रगती |
| १ | पि.सि.ए. कार्यक्रमको लागि मेशिनरी खरिद (प्रीन्टर,कम्प्यूटर) | २०००००० | १९९४१८३ | ९९.७० | ३०००००० | ७४,३७,८५ | २४.७९ |
| २ | मोटर साइकल खरिद | - | - | - | १०५०००० | १०३६५०० | ९९.०० |
| ३ | फर्निचर तथा फिक्सचर्स | ७०२००० | ६९६८१४ | ९९ | १०००००० | ६८९१५२ | ७९.०० |
| ४ | सुधार खर्च, सार्वजनिक निर्माण | - | - | - | ११५०००० | ५५५४४८ | ४८.२६ |
| ५ | सफ्टवेयर निर्माण र खरिद | ४९१००० | ४९१००० | १०० | - | - | - |
| | | ३१९३००० | ३१८१९९७ | ९९.६५ | ६२००००० | ३०२४८८५ | ४८.७८ |

## १४. भन्सार जाँचपास परीक्षण कार्यालयको आ.व. २०७६/०७७ को बार्षिक कार्ययोजना र प्रगति विवरण :

| क्र. सं. | सम्पादन हुने कार्यहरु | क्रियाकलापहरु | कार्य सम्पादन सूचक | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | भन्सार जाँचपास पछिको परीक्षण | Firm Audit, Product Audit, Consignment Audit<br>• विभागले निर्धारण गरेको लक्ष्य बमोजिमको संख्यामा परीक्षण गर्ने<br>• विभागले निर्धारण गरे बमोजिमको महशुल निर्धारण गर्ने । | विभागले निर्धारण गरे बमोजिमको मासिक तथा बार्षिक लक्ष्य हासिल भएको हुने । | • Firm Audit 28<br>• Product Audit 14<br>• Consignment Audit 62 गरी जम्मा १०४ फर्महरुको अडिट कार्य सम्पन्न गरिएको ।<br>• रु ६ करोड ९३ लाख ५४ हजार राजस्व निर्धारण भएको ।<br>• लक्ष्यको तुलनामा ४१.७८ प्रतिशत प्रगति हासिल गरिएको । | |
| २ | जोखिम सूचक तयार पार्ने | परीक्षणको लागि पैठारीकर्ताको छनौट गर्ने प्रयोजनको लागि जोखिम सूचकहरु तयार गर्ने । | जोखिम पहिचानका लागि सूचकहरु तयार भएको हुने । | • जोखिम सूचकहरु अनुसार छनौट भएको । | |
| ३ | बेरुजु फछर्यौट | • बेरुजु कायम हुन नदिने रणनीति लिने | बेरुजू कायम नहुने र भएमा शुन्य भएको | • अठार लाख वेरुजु कायम भएकोमा संपरीक्षणको लागि म.ले.प.को | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● बेरुजु शुन्य गराउने । | हुने । | कार्यालयमा पठाइएको । | |
| ४ | क्षमता विकास | ● तथ्यांक माथिको पहुँच बढाउन सो सम्बन्धी तालिम संचालन गर्ने | पि.सि.ए. कार्यालयको पहल र भन्सार विभागको सहयोगमा तालिम सम्पन्न भएको हुने । | ● तालिम सन्चालन हुन नसकेको । | |
| | | ● पि.सि.ए. सम्बन्धी भन्सार एजेन्ट तथा सेवाग्राहीहरुलाई प्रशिक्षण दिने । | तालिम तथा प्रशिक्षण सम्पन्न भएको हुने । | ● भैरहवा, कृष्णनगर र नेपालगन्जमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको । | |
| | | ● पि.सि.ए. सम्मन्धी नविन ज्ञानसिपको विकास गर्न सम्बद्ध कर्मचारीहरुलाई आबासिय तालिम तथा प्रशिक्षण दिने । जस्तै :डाटा एनालाइसिस, मूल्यांकन, वर्गिकरण, कम्प्यूटर, प्रतिवेदन लेखन, कानूनी व्यवस्था आदि) । | आवासिय तालिम तथा प्रशिक्षण सम्पन्न भएको हुने । | ● प्रशिक्षण कार्यक्रम सन्चालन नभएको । | |
| ५ | संरचनागत सुधार | ● बक्यौता तथा माग व्यवस्थापन शाखा स्थापना गर्ने । | बक्यौता तथा माग व्यवस्थापन प्रभाबकारी भइ बक्यौता न्यून भएको हुने । | ● शाखा स्थापना भई वक्यौता असूलीको लागि पत्राचार भएको, पत्रिकामा सूचना प्रकाशन भएको । | |
| ६ | नीतिगत सूधार | ● जाँचपास पछिको कार्यविधिमा आर्थिक ऐन तथा भन्सार ऐन नियमावलीले गरेका व्यवस्थाहरु थपसमावेश गरी समसामयिक | भन्सार जाँचपास पछिको कार्य थप प्रभावकारी भएको हुने र कर सहभागितामा | ● कुनै प्रगति नभएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बनाउने ।<br>● भन्सार ऐन २०६४ को दफा ३४ मा संशोधन गरी भन्सार जाँचपास पछिको परीक्षणलाई थप प्रभावकारी बनाउने वा छुट्टै ऐन वा नियमाबली तर्जुमा गर्ने । | बृद्धी भएको हुने । | ● कुनै प्रगति नभएको । | |
| ७ | भौतिक पूर्वाधार विकास | ● पि.सि.ए. कार्यालयलाई सरकारी भबनमा सार्न आबश्यक कार्य अगाडी बढाउने ।<br>● सरकारको नीति भित्र रही डेस्कटप / ल्यापटप खरिद गरी कर्मचारीलाई उपलब्ध गराउने ।<br>● सरकारी भवनमा कार्यालय सरे पश्चात फर्निचर खरिद गर्ने । | पि.सि.ए. कार्यालय राजस्व चुहावट नियन्त्रणमा सशक्त हुन गई थप प्रभाबकारी भएको हुने । | ● भाडाको भवनवाट कार्यालय सरकारी भवनमा सरेको ।<br>● फर्निचर खरिद गरेको । | |
| ८ | सवारी साधन खरिद गर्ने | ● एक पिक अप गाडी वा जिप खरिद गर्ने । | आबश्यक सवारी साधनको प्राप्ती भई पि.सि.ए. कार्यालय थप चुस्त भएको हुने । | ● एउटा गाडी त्रि.वि. विमानस्थल भन्सार कार्यालयवाट ल्याइएको । पांचवटा मोटरसाइकल खरिद गरिएको । | |
| ९ | स्वचालनको अबस्थामा सुधार (Automation) | ● रिक्स इन्जीन (Risk Engine) तर्जुमा गर्ने | छनौट प्रणाली बैज्ञानिक र प्रभाबकारी भएको हुने । | ● रिक्स इन्जिन तर्जुमा नभएको । | |
| | | ● महशुल निर्धारण सफ्टवोयर तयार गर्ने | महशुल निर्धारण र प्रतिबेदन बैज्ञानिक र प्रभावकारी भएको हुने । | ● PCA MIS तयार भएको तर पूर्णरुपमा कार्यान्वयनमा नआएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • बक्यौता व्यवस्थापन सफ्टवेयर तयार गर्ने | बक्यौता व्यवस्थापन अझ बढी प्रभावकारी भएको हुने । | • PCA MIS तयार भएको तर पूर्णरुपमा कार्यान्वयनमा नआएको । | |
| | | • रिपोर्टींग सफ्टवेर तयार गर्ने । | Reporting कार्य बैज्ञानिक, एथार्थपरक र प्रभाबकारी भएको हुने । | • PCA MIS तयार भएको तर पूर्णरुपमा कार्यान्वयनमा नआएको । | |
| १० | अन्तरक्रिया कार्यक्रम संचालन | • काठमाण्डौंमा सम्बन्धित उद्योग बाणिज्य संघ तथा अन्य सम्बद्ध निकायका प्रतिनिधीहरुको संलग्नतामा राष्ट्रिय स्तरको अन्तरक्रिया कार्यक्रम संचालन गर्ने | पि.सि.ए. लाई परिचित गराउने र यसको भूमिका बारेमा जनचेतना बढेको हुने । | • काठमाण्डौमा राष्ट्रिय स्तरको अन्तरक्रिया कार्यक्रम सन्चालन नभएको । | |
| | | • भन्सार कार्यालहरु भएको क्षेत्रको ५ वटा उद्योग बाणिज्य संघहरुमा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने । | समस्या तथा सुधारका लागि सुझावहरु संकलन भएको हुने । | • भैरहवा, कृष्णनगर र नेपालगन्जमा अन्रक्रिया कार्यक्रमहरु सन्चालन भएको । | |
| ११ | अभिलेख व्यवस्थापन | • परीक्षण सम्पन्न भएका फाईलहरुको Digitalization गर्ने | Less Paper को अबधारणाको प्रबर्धन भएको हुने । | • नियमित भैरहेको । | |
| १२ | मुद्धा तथा लिलाम सम्बन्धी कार्य | • मुद्धामा गएका पैठारीकर्ताको रेकर्ड व्यवस्थापन अद्याबधिक गरी राख्ने<br>• पुनरावेदनबाट प्राप्त निर्देश अनुसारको राय प्रतिकृया तथा फायल समयमा नै उपलब्ध गराउने । | • मुद्धामा गएका पैठारीकर्ताको रेकर्ड अध्याबधिक भएको हुने ।<br>• राय प्रतिकृया र फाइलहरु | • नियमित भैरहेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● लिलाम गर्नुपर्ने माल सामानको समयमा नै लिलाम गर्ने ।<br>● पुराना भएका सवारी साधन लिलाम गर्ने । | समयमा नै उपलब्ध गराएको हुने ।<br>● लिलाम गर्नुपर्ने मालबस्तु समयमा नै लिलाम भएको हुने । | ● नियमित भैरहेको ।<br>● नियमित भैरहेको । | |
| १३ | परीक्षणको लागि छनौट गर्ने | ● राजस्व जोखिमलाई मध्येनजर गरी प्राप्त सूचनाका आधारमा विश्लेषण गरी छनौट गर्ने | ● परीक्षणका लागि पैठारीकर्ताको छनौट भएको हुने । | ● भन्सार विभाले छनौट गरेको । कार्यालयवाट आंशिकरुपमा छनौट भएको । | |
| १४ | समन्वय समितिको बैठक गर्ने । | जाँचपास परीक्षण कार्यलाई सहज तथा प्रभावकारी बनाउन आवश्यक रणनीति तयार गर्न, परीक्षण कार्यको समन्वय गर्न र नीतिगत निर्देशनको लागि समन्वय समितिको व्यवस्था अनुसार नियमित बैठक गर्ने । | ● PCA कार्यालय थप प्रभावकारी भएको हुने<br>● पर्याप्त सूचनाहरु प्राप्त भएको हुने<br>● आबश्यक निर्देशनहरु प्राप्त भएको हुने । | ● समन्वय समितिको वैठक नभएको | |
| १५ | पृष्ठपोषण (Feedback) पठाउने | परीक्षण कार्यबाट देखिएका तथा गुनासा तथा सुझावहरुको आधारमा प्रत्येक चार चार महिनामा भन्सार विभागमा पृष्ठपोषणहरु पठाउने । | भन्सार विभागलाई नीतिगत सुधार तथा निर्देशन कार्यान्वयनमा सहयोग पुगेको हुने । | ● नियमित पठाउने गरेको । | |
| १६ | कर्मचारी व्यवस्थापन | कर्मचारी सम्बन्धी रेकर्ड अद्याबधिक गरी राख्ने । | कर्मचारी सम्बन्धी सूचना तुरुन्त प्राप्त भएको हुने । | ● नियमित भैरहेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | राजस्वको अभिलेख अद्यावधीक गर्ने | • बैंकबाट बैंक स्टेटमेण्ट ल्याउने ।<br>• आन्दानी विवरण बमोजिम RMIS को System मा प्रविष्टी गरी प्रतिवेदन तयार गर्ने । | राजस्वको विवरण अद्यावधिक भएको हुने । | • नियमित भैरहेको । | |
| १८ | बार्षिक प्रतिवेदन तयार गर्ने | • विनियोजन, राजस्व र धरौटीको मासिक तथा वार्षिक विवरण तयार गरी निर्दिष्ट निकायहरुमा पेश गर्ने । | मासिक तथा बार्षिक विवरणहरु तयार भएको हुने । | • नियमित भैरहेको । | |
| १९ | कार्यालयको वार्षिक प्रगति विवरण तयार गर्ने | • राजस्व, परीक्षण, विनियोजन, कर्मचारी विवरण समस्या र सुझावहरु समेतको विस्तृत विवरण सहितको बार्षिक प्रगति विवरण तयार गर्ने । | कार्यालयको यथार्थ अबस्थाको चित्रण भएको हुने । | • नियमित भैरहेको । | |

## १५. आ.व. २०७७/०७८ को बार्षिक कार्ययोजना विबरण:

| क्र. सं. | मुख्य कार्यहरु | क्रियाकलाप | समय सिमा | जिम्मेवार निकाय वा शाखा | उपलब्धी सूचकहरु | अनुगमन तथा मूल्यांकन |
|---|---|---|---|---|---|---|
| १ | सूचना संकलन गर्ने | विभिन्न व्यक्ति, निकाय, पत्रपत्रिका आदिबाट सूचनाहरु संकलन गर्ने | निरन्तर | भन्सार विभाग, PCA Office को छनौट सम्बन्धी कार्य गर्ने युनिट | छनौटको लागि सूचनाहरु प्राप्त भएको हुने | भन्सार विभाग, प्रमुख भन्सार परीक्षण प्रशासक, प्र.भ.प. |
| २ | छनौट गर्ने | सूचनाको विश्लेषण गर्ने | प्रत्येक बर्षको भाद्र देखि कात्तिक सम्म | भन्सार विभाग, PCA Office को छनौट सम्बन्धी कार्य गर्ने युनिट | राजस्व जोखिमको आधारमा पैठारीकर्ता वा निकासीकर्ताको पहिचान भएको हुने | भन्सार विभाग, प्रमुख भन्सार परीक्षण प्रशासक, प्र.भ.प. |
| | | राजस्व जोखिमको आधारमा छनौट गर्ने | मंसिर र फाल्गुण | भन्सार विभाग, PCA Office को छनौट सम्बन्धी कार्य गर्ने युनिट | राजस्व जोखिमको आधारमा पैठारीकर्ता वा निकासीकर्ताको छनौट भएको हुने । | भन्सार विभाग, प्रमुख भन्सार परीक्षण प्रशासक, प्र.भ.प. |
| | | परीक्षण को जिम्मेवारी तोक्ने | श्रावण, मंसिर र फाल्गुण | PCA Office को छनौट सम्बन्धी कार्य गर्ने युनिटको रायमा प्र.भ.प. प्रशासक | छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको परीक्षण समूहमा विभाजन गरी जिम्मेवारी तोकिएको हुने | भन्सार विभाग |
| | | लगत अद्याबधिक गर्नु | आवश्यकता अनुसार निरन्तर | प्रत्येक परीक्षण समूह | छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको लगत | प्रमुख भन्सार परीक्षण प्रशासक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | परीक्षण सम्बन्धी कार्य गर्ने | | | | अद्यावधिक भएको हुने । | |
| | | छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको प्रोफाइल तयार गर्ने, | निरन्तर | प्रत्येक परीक्षण समूह | छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको प्रोफाइल तयार भएको हुने | प्रमुख भन्सार परीक्षण प्रशासक र प्रमुख भन्सार परीक्षक |
| | | डेक्स अडिट गर्ने | निरन्तर | प्रत्येक परीक्षण समूह | छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको मूख्य समस्या पहिचान भएको हुने | प्रमुख भन्सार परीक्षण प्रशासक र प्रमुख भन्सार परीक्षक |
| | | कागजात पेश गर्ने बारेको पत्राचार गर्ने, | आबश्यकता अनुसार | प्रत्येक परीक्षण समूह | पत्राचार भएको हुने | प्र.भ.प.प्रशासक प्र.भ.परीक्षक |
| | | फोन तथा अन्य माध्यमहरुबाट ताकेता गर्ने, | निरन्तर | प्रत्येक परीक्षण समूह | कागजात प्राप्त भएको हुने | प्र.भ.प.प्रशासक प्र.भ.परीक्षक |
| | | फिल्ड अडिट गर्ने | आबश्यकता अनुसार निरन्तर | प्रत्येक परीक्षण समूह | वास्तविक समस्याको पहिचान भएको हुने | प्र.भ.प.प्रशासक प्र.भ.परीक्षक |
| | | रिपोर्ट तयार गर्ने | निरन्तर | प्रत्येक परीक्षण समूह | महशुल निर्धारण हुने वा नहुने व्यहोराको निर्णय भएको हुने । | प्रमुख भन्सार परीक्षण प्रशासक |
| | | प्रारम्भिक सूचना दिने | | प्रत्येक परीक्षण समूह | समयमा नै सूचना जारी भएको हुने । | प्रमुख भन्सार परीक्षण प्रशासक |
| ४ | जवाफको अध्ययन विश्लेषण | जवाफको विश्लेषण गर्ने | आवश्यकता अनुसार निरन्तर | प्रत्येक परीक्षण समूह, प्र.भ. परीक्षक र प्र.भ.प. | महशुल निर्धारण हुने वा नहुने अबस्थाको निर्णय भएको हुने | प्र.भ.प. प्रशासक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | | | प्रशासक | | |
| | | अन्तिम महशुल निर्धारण गर्ने | आवश्यकता अनुसार निरन्तर | प्रत्येक परीक्षण समूह | पैठारीकर्तालाई जानकारी भएको हुने | प्र.भ.प. प्रशासक र प्र.भ.परीक्षक |
| ५ | प्रगति विवरण तयार गर्ने | लक्ष्य मुताविकको प्रगति तयार गर्ने | प्रत्येक महिनाको ३ गते भित्र | प्रगति विवरण तयार गर्न तोकिएको यूनिट | प्रगति विवरण तयारभई विभागमा पठाएको हुने । | प्र.भ.प. प्रशासक |

## १६. चुनौती तथा समस्याहरु (Challenges of PCA) :

**वास्तविक कारोबार मूल्यको पहिचान गर्ने कार्य ज्यादै चुनौतिपूर्ण छ :**

- कारोबारमूल्यमा आधारित परीक्षण पद्धती भएको र अल्पविकसित तथा विकाशोन्मुख मुलुकहरुमा यथार्थ कारोबार मूल्य घोषणा हुन नसक्ने धेरै संभाबना भएकोले र बस्तुको गुणस्तर, परिमाण, उत्पत्तिको मुलुक आदिले मूल्यलाई प्रत्यक्ष वा परोक्षरुपमा प्रभाव पार्ने भएकोले बास्तविक कारोबार मूल्यको घोषणा हुने वातावरणको सृजना गर्ने कार्य चुनौतीपूर्ण छ ।
- Compliance & Enforcement का बीचमा सन्तुलन कायम गरी सहभागिता अभिबृद्धि गर्ने चुनौती रहेको छ ।
- Private sector consultation: PCA को विषयमा धेरै सरोकारवालाहरु अनभिज्ञ रहेको हुँदा उनीहरुको सहयोग समर्थन प्राप्त गर्दै यसको औचित्यता पुष्टी गर्ने चुनौती रहेको छ ।
- गुणस्तरको आधारमा मालबस्तुको मूल्य निर्धारण हुने हुँदा सो को पहिचान गरी यथार्थ कारोबार मूल्य घोषणा गर्ने बाताबरण सृजना गर्ने कार्य चुनौतीपूर्ण छ ।
- परीक्षक वा कर्मचारीको ज्ञान, सिप, क्षमताको विकास गर्ने कार्य । (Capacity Building)
- प्रकृया सहितको सहजीकरण गर्ने कार्य चुनौतीपूर्ण छ ।
- व्यवसायिक तथा व्यवसाय संचालक तथा Stakeholders मा नौतिकता, इमान्दारीता, व्यावसायिकता, (Ethics and Morality) आदिको विकास गर्ने ।
- Legal problems of compliance promotion.

- सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय र सहकार्यको बाताबरण सृजना गरी सूचनामाथिको पहुच बढाउने कार्य चुनौतिपूर्ण छ ।
- विगतमा गरिएको गल्तीको बर्तमानमा पहिचान गर्ने कार्य नै जटिल कार्य हो ।
- मानवश्रोत व्यवस्थापनका हिसावले विशेषज्ञहरुको समूह बनाउने कार्य चुनौतिपूर्ण छ :
- यो कार्य बहुआयामिक हुनाका साथै बहुक्षेत्रसंग सम्बन्धित भएकोले PCA को सफल र प्रभाबकारी कार्यान्वयनका लागि लेखा र लेखापरीक्षण देखि प्राविधिक र कानूनी सबै प्रकारका ज्ञान सिप क्षमताको आबश्यक पर्ने हुँदा यस कार्यको लागि आबश्यक पर्ने बहुआयामिक मानवश्रोतको तर्जुमा कठीन कार्य हो ।
- PCA कागजात र अन्य प्रमाणमा आधारित भएकोले अनौपचारिक व्यापार व्यावसायलाई यसले नियमन गर्न सक्दैन ।
- PCA सम्बन्धी कार्य लेखा र लेखापालन तथा कागज प्रमाणमा आधारित हुने भएकाले नगदमा आधारित कारोबारलाई यसले सम्बोधन गर्न सक्दैन भने लेखापालन राम्रो नभएमा Fraud पहिचान हुन सक्दैन ।
- PCA सम्बन्धी कार्य सूचनामा आधारित भएको हुँदा सूचनाको आदान प्रदान हुन नसक्ने अबस्था वा वातावरणमा PCA प्रभाबकारी हुन सक्दैन ।

## १७. आ.व. २०७७/०७८ को लक्ष्य प्राप्ति कार्ययोजना तथा रणनीतिहरु :

- राजस्व जोखिमका क्षेत्रहरुको पहिचान गरी थप महशुल निर्धारण गर्ने ।
- विगतका बक्यौता विवरण तथा राजस्व बक्यौता असुलीको लागि कानुनी कारबाही गर्ने ।

- संयुक्त परीक्षण पद्धती मार्फत राजस्व चुहावट नियन्त्रणलाई थप प्रभावकारी बनाई भन्सार विन्दुमा नै बास्तविक घोषणा गर्ने वातावरण सृजना गर्ने ।
- निर्धारित लक्ष्य भन्दा बढि प्रगति हासिल गर्न वार्षिक कार्य योजना तथा परीक्षण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- अन्तरक्रिया कार्यक्रमलाई विस्तार गरी मुख्य व्यापारिक क्षेत्रहरुमा संचालन गरी निकासीकर्ता तथा पैठारीकर्ता शिक्षामा जोड दिई घोषणा कै अबस्थामा सुधार हुने वातावरणको सृजना गर्ने ।
- IRD को Officer Login / DOC का ASYCUDA World लगायतका अन्य सूचनामूलक प्रणालीहरु माथिको पहुँच अभिबृद्धि गर्न आबश्यक पहल गर्ने ।
- कर्मचारीको क्षमता अभिबृद्धीको लागि भन्सार जाँचपास पछिको परीक्षण सम्बन्धी तालिम संचालन गर्ने ।
- PCA MIS तयार गरी कार्यान्वयनमा ल्याउने ।
- PCA बाट भएको कारबाहीबाट निकासी वा पैठारीकर्तामा के कस्तो सुधार भयो वा भएन भन्ने विषयमा निकासी र पैठारीकर्ताको Profile तयार गरी त्यसलाई निगरानीमा राखी सुधार गराउने पद्धतीको विकास गर्ने ।

## १८. निष्कर्ष :

स्वयं घोषणाको सिद्धान्त बमोजिम निकासी वा पैठारीकर्ताले भन्सारमा गरेको घोषणा ठीक छ भनी गरिएको विश्वासको परीक्षण गर्ने कार्यलाई PCA भनिन्छ । यसको प्रभाबकारी कार्यान्वयनको लागि जोखिममा आधारित व्यवस्थापन वा परीक्षण पद्धतीको अबलम्बन, भन्सार अधिकृत वा परीक्षकको ज्ञानसिप, क्षमताको अभिबृद्धी (The skills and competencies of customs officials), प्रबर्द्धनात्मक र Enforcement

oriented कानूनी बाताबरण र व्यवसायीमा उच्च तहको Integrity, morality and ethics हुनाका साथै व्यवसायको पारदर्शीता र बैज्ञानिक लेखापालन, सूचनाको आदान प्रदान र सूचना माथिको सहज पहुँच, तालिम प्राप्त उच्च मनोबल युक्त परीक्षक, कार्यसम्पादनमा आधारित भुक्तानी तथा पुरस्कार पद्धती र प्रभावकारी अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण पद्धतीको आबश्यकता पर्दछ ।

## १९. स्थलगत अन्तरक्रिया कार्यक्रमको छायाँ चित्र

### नेपालगञ्ज उद्योग वाणिज्य संघ ,बाँके





### भैरहवा भन्सार कार्यालय, वेलहिया

